# फर्मोसा

जब यामिंगशान लाइ टेकेर
शहर तिर अनुहार घोप्ट्यौँछु
लाग्छ म
फुल्चोकि बाट कांतिपुर नियलि रहेछु
यहाँ पनि  कोलाहल मांछेको को
डिजेल र पेट्रोल को धुँवा
त्यँहा  पनि
लालुपाते र असारे ढकमक्क जताततै
यहाँ पनि त्यँहा पनि

धान रोपि रहेका छन
मेशिन ले ,मेशिन का मन ले
न असारे छ न दोहरि
धुन बिना को रोपाँइ

एक चौथाइ धरो मा
पान सुपारि बेच्छन स्याउचे हरु
रात भर सडक किनरा
म आजको राज धानि सम्झंछु,
जब म थुप्रै  लामा र चैत्य देख्छु
बौद्ध र स्वम्भु सम्झिंछु
यहाँ पनि छ पीडा युद्ध को त्यँहा पनि
हामीले बेलायत को लगि लड्यौँ
यँहा जापान को
जेहोस रगत
फगत अर्काको लागि

कहिले कँहि बत्ति जाँदा बत्ति मुनि को अंधेरो
माझि गाँउ सम्झंछु

जब म खेडेरि मा
चिन इम्पोर्टेड पानि पिउंछु
काकाकुल राजधानि सम्झंछु

पहाड भरि
सुकिला चिहान हरु छन
यो उनीहरुको आर्यघाट
यँहा माटो माटो मा मिल्छ
त्यँहा माटो खरानि भै मिल्छ
आखिर माटो माटो मा मिल्छ

यँहा पनि मुग्लान पस्छन
सम्बृधि र अ भाबको □□परकाष्ठा
यहाँ पनि त्यँहा पनि

यँहा भुत पुजा गर्छन
त्यँहा मंछाँउछन
नया बर्ष झंडै हाम्रो दशैं
यँहा पनि ढोलक बजाउँछन
छ मोमो र गुंद्रुक

जबा म रि युए थान पुग्छु
फेवा सम्झंछु
बादल ले लुकाएको माछपुछ्रे
शांत नील फेवा
त्यँहा सारंगि रेटिंछ
यँहा मटोर घट घटे डुंगा

जब समुंद्रा को चिसो हावाले मलाइ चुम्छ
हिमाल ले नगर कोट मा मलाइ छोएको सम्झंछु
हुवलिएन केभ- महेंद्र  गुफा
ह युएन शान - लौरि बिना
उस्तै उस्तै

अमेरिका र चिन म बैशखि टेकेका दल देख्छु
हाम्रो नेता र दल सम्झंछु
मिचुकोसि टाओर म धरहरा सम्झंछु
फोर्मोसा नै जब गीत म बग्छ म
देउसि र भैलो सम्झंछु

यँहा मेशिन जिन्दगि र
पराया पन को पीडा
त्यँहा घर- घरको

यति समानता हुँदा हुँदै पनि लाग्छ
सम्पुर्ण फरक छ
यँहा केबल माटो छ
त्यँहा
माटो भित्र सुबाश

+++ नोट : स्याउचे –केटि (चाइनिज)
कपिल अधिकारी
जनवरी 9,2003
ताइपे,ताइवान